# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

दिपावली, नेपाल सम्वत ११४६, भाईटीका, म्ह पूजा र छठ पर्वको अवसरमा बागमती प्रदेश देश र बिदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, ऐश्वर्य र प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। हाम्रो सास्कृतिक विविधता, सामाजिक एकता र उन्नति एवं सत्मार्गको प्रतिकस्वरुप मनाइने दीपावली र लक्ष्मीपूजाले अन्धकारमाथि उज्यालोको विजय र निराशामाथि आशाको सन्देश दिन्छन्। यसमा उर्जा, सद्भाव र समृद्धिको अखण्ड दीप प्रज्वलनको कामना रहेको छ। यसैगरी नेपाल सम्वत् हाम्रो गौरवपुर्ण इतिहास र सांस्कृतिक पहिचानको प्रतिक हो। राष्ट्रिय विभूति शंखधर साख्वाले लिच्छवी राजा राघवदेवको शासनकालमा काठमाण्डु उपत्यकामा रहेका गरीव तथा किसानलाई ऋणमुक्त पारि चलाएको गौरवपूर्ण इतिहास र सास्कृतिक पहिचान बोकेको संवत् नै नेपाल संवत् हो। यसैगरी मौलिक संस्कृतिको धनि नेवार समुदायले म्ह पूजा गरि आत्मबोध, स्वमूल्य र आत्म साक्षात्कारको भावना जागृत गर्ने गर्दछन्।

तिहार पर्व प्रकृति तथा बिभिन्न देवी देवताप्रति सम्मान र पूजाअर्चना गरि हांसिखुशीका साथ मनाइन्छ। भाइटिकाको दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी टीका र मालाका साथ सुख र दीर्घायुको कामना गर्दछन्। भाइटीकाले दाजुभाइ, दिदीबहिनीबिचको सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाउंछ।

छठपर्व मानव र प्रकृतिविचको सम्बन्ध र सन्तुलनलाई उजागर गर्ने पर्व हो। यस पर्वमा सुर्यदेवता र छठी माताको पूजा गरिन्छ। ब्रतालुहरु नदी, तालतलैयाको किनारमा गएर सुर्यको पूजा गरि श्रद्धाभाव र हर्षोल्लासका साथ छठ मनाउने गर्दछन्।

चाडपर्व र परम्पराहरु हाम्रा अमूल्य निधि हुन्। विविध संस्कृति, भाषा, धर्म, आस्थाले सुशोभित हाम्रो समाजमा यी पर्वहरुले आपसी सद्भाव, सहिष्णुता, सह-अस्तित्वसंगै सामाजिक एकता, सांस्कृतिक सम्पन्नता र राष्ट्रिय पहिचानलाई बलियो बनाएका छन्। गत भाद्र २३ र २४ गते देशभर चलेको आन्दोलनले जनधनको अपूरणीय क्षति र राजनैतिक उथलपुथलता ल्याएको छ। अनिश्चय र आशंकाका बादल देशमाथि मडारिरहेको बेलामा राष्ट्रिय स्वार्थ, स्वाभिमान, एकता र सह-अस्तित्वलाई सम्पुर्ण नेपालीले शिरोपर गर्नु आजको अपरिहार्यता रहेको छ। युवापुस्ताको भावनालाई यथोचित सम्बोधन गरि हामी अघि बढ्नुपर्दछ। आसन्न यी उज्याला पर्वहरुले अन्धकारलाई हटाई सभ्य, सुन्दर, शान्त र समृद्ध नेपाल निर्माणको दिशामा अघि बढ्न हामी सबैलाई प्रेरणा दिनेछन् भन्ने अपेक्षाका साथ पुनः दिपावली, नेपाल सम्वत् ११४६, म्ह पूजा, भाइटीका र छठपर्वको सम्पूर्णमा हार्दिक शुभकामना अर्पण गर्दछु।

**२०८२ साल कार्तिक ०३ गते सोमबार**
**ने.सं. ११४५ कौलागा: च:हे**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**